# हिमाली क्षेत्र विकास केन्द्र

**(Himalayan Area Development Center)**

**HADC**

सिर्दिवास -८, गोरखा

को विधान २०५३

(पहिलो संशोधन- २०६२, दोश्रो संशोधन - २०६३ र तेश्रो शंसोधन - २०६५ सहित)

प्रस्तावना:

देश समाज एवं जनताको हितका लागि युवा वर्ग बीचको आपसी सल्लाह, समझदारी एवं रचनात्मक कृयाकलापद्धारा समाजमा विद्यमान रहेका अन्ध विश्वास, कुरीति, अशिक्षा एवं पछौटेपन जस्ता कुरालाई आदर्श ढगले उन्मुलन गर्दै सर्वाङ्गीण विकास तथा युवा समुदायलाई चरित्रवान, नैतिकवान, बौद्धिक एवं अनुशासित बनाउँदै सामाजिक स्तरमा बृद्धि गरि देश र समाजको विकासमा समेत टेवा पुऱ्याउने मनसाय लिई छरिएर रहेका युवा शक्तिलाई एकजुट गराई अवसर प्रदान गर्ने उद्देश्यले "हिमाली क्षेत्र विकास केन्द्र" (Himalayan Area Development Center) गठन गरिएको छ।

## परिच्छेद -१

परिभाषा :-

**१. संक्षिप्त नाम तथा प्रारम्भ :-**

क. यस विधानको नाम "हिमाली क्षेत्र विकास केन्द्र" रहने छ।

ख. यो विधान साधारण सभाबाट पारित गरि नेपाल सरकारवाट स्वीकृत प्राप्त मितिबाट लागु हुनेछ।

**२. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

क. "संस्था" भन्नाले ऐन बमोजिम दर्ता भएको "हिमालय क्षेत्र संरक्षण तथा विकास समिति" लाई सम्झनु पर्नेछ।

ख. पदाधिकारी भन्नाले संस्थाको "अध्यक्ष", "उपाध्यक्ष", "सचिव" ,"सह-सचिव" र "कोषाध्यक्ष" र "सदस्यहरु" भन्ने बुझ्नु पर्दछ।

ग. "संचालक" भन्नाले संस्थाको ऐन बमोजिम निर्बाचनद्धारा वा मनोनयनद्धारा नियुक्त भएको संस्थाको सञ्चालक सम्झनु पर्दछ।

घ. "सदस्य" भन्नाले संस्थाको नियमावली बमोजिम बनेका सदस्य सम्झनु पर्दछ।

ङ. हिमाली क्षेत्र भन्नाले हिमालय पर्वत श्रृंखला र सो आसपासका क्षेत्रलाई सम्झनु पर्दछ।

**३. संस्थाको चिन्ह र छाप :-**

संस्थाको छाप अण्डाकार घेरा भित्र हिमाली क्षेत्र विकास केन्द्र भनि लेख्ने र सो अण्डाकार बीचमा हिमालबाट आधा सुर्य उदाउदै गरेको प्रतिक चिन्ह, हिमालको फेदीमा सिर्दिवास, गोरखा र २०५३ लेखिएको हुनेछ।

**४. संस्थाको कार्यालय :-**

मुख्य कार्यालय गण्डकी अञ्चल गोरखा जिल्ला, सिर्दिवास गा.वि.स वडा नं. ८ मा रहनेछ। यस संस्थाको सम्पर्क कार्यालयहरु आवश्यकता अनुसार कार्य समितिको निर्णयबाट थप गर्न सकिनेछ र कार्य क्षेत्र गणतन्त्र नेपालको जुनसुकै स्थानमा हुन सक्नेछन्।

परिच्छेद-२

५. संस्थाको उद्देश्य :-

प्रचलित ऐन कानुन तथा नेपाल सरकारको नीति निर्देशनको अधिनमा रहि सम्बन्धित निकाय संग समन्वय गरि कार्यक्रम सञ्चालन गर्ने गरि उद्धेश्यहरु यस प्रकार हुनेछ ।

क. दिगो विकासको अवधारणालाई प्राथामिकता दिदै शिक्षा, स्वास्थ्य, संचार, खानेपानी तथा सरसफाई, यातायात जस्ता आधारभूत आवश्यकता संग सम्बन्धित भौतिक पूर्वाधार विकासमा जोड दिने ।

ख) दलित, महिला, उत्पीडित जनजाति, अपाङ्ग एवं पिछडिएको वर्ग तथा दुर्गम हिमाली क्षेत्रको उत्थान, सशक्तिकरण एवं विकास गर्ने ।

ग) ऊर्जा विकास, सीपमूलक तालिमद्धारा स्वरोजगार प्रवर्द्धन एवं पर्यटन, कला, साहित्य र खेलकुदको विकासमा युवा शक्तिलाई परिचालन गर्ने ।

घ) वातावरणीय सन्तुलनमा ध्यान पुऱ्याउदै स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गर्ने ।

ङ) वन्य जन्तु, वन लगायत अन्य प्राकृतिक तथा सास्कृतिक सम्पदाहरुको अध्ययन, अनुसन्धान, संरक्षण तथा सम्बर्द्धन गर्ने ।

परिच्छेद- ३

६.सदस्यताको प्रकार :-

क) साधारण सदस्यः -

वार्षिक रु. २००।- एक वर्ष भित्र बुझाए पछि साधारण सदस्य हुनेछ । यो प्रकारको साधारण सदसय लिनेले संस्थामा आइपरेको काम गर्नु पर्छ र सञ्चालक समितिको बनावट पनि यसै वर्गबाट हुनेछ ।

ख) संस्थापक सदस्यः-

संस्था दर्ता गर्दाको बखत तदर्थ समितिमा रहेका सम्पूर्ण सदस्यहरु संस्थापक सदस्यको रुपमा रहनेछन् । यस्ता सदस्यहरुले साधारण सदस्य सरह शुल्क बुझाई सदस्यता नविकरण गरेमा सो सरह अधिकार हुनेछन् । सदस्यता नविकरण नगरे पनि संस्थापक सदस्यको रुपमा रहन पाउनेछन् ।

ग) श्रेयकर सदस्यः-

कुनै सदस्यले एकै पटकमा रु. १०,०००।- दिई संस्थाको आर्थिक तथा अन्य उद्देश्य बमोजिम कार्य गर्न महत्वपूर्ण कार्य गर्ने टेवा दिए वापत यो सदस्य दिइनेछ र कुनै व्यक्तिवाट संस्थाको लागि महत्वपूर्ण सल्लाह काम आदि गरि दिएमा सदस्य वा विदेशी पाहुनालाई पनि यो सदस्यता सञ्चालक समितिको निर्णयले दिन सकिन्छ ।

घ) आजिवन सदस्यः-

यो सदस्यता लिन एक पटक वा किस्ता बन्दीमा जम्मा ३ किस्ता १ वर्ष भरि रु. ५०,०००।- दिएको व्यक्तिलाई वा संस्थागत विकासको सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउने वा दुवैखाले व्यक्तिलाई प्रदान गरिनेछ ।

७. सदस्यताको योग्यता :-

यस संस्थाको उम्मेदवारका लागि निम्न लिखित योग्यता पुगेको हुनु पर्छ ।

क) १६ वर्ष पुरा भएको नेपाली नागरिक हुनु पर्ने ।

ख) मानसिक स्थिति ठीक भएको ।

ग) चालचलन राम्रो भएको ।

घ) समाज सेवी ।

ङ) कुनै संघ संस्था वा अन्य सार्वजनिक सम्पत्तिको हिनामिना नगरेको ।

८. सदस्यताको अयोग्यता :-
देहायका व्यक्तिहरु संस्थाका सदस्य हुन सक्ने छैन ।
क) विदेशी नागरिक ।
ख) १६ वर्ष नपुगेको नेपाली नागरिक ।
ग) चालचलन राम्रो नभएमा ।
घ) मगज बिग्रीएमा ।

परिच्छेद -४

## साधारण सभा तथा कार्य समिति

९. साधारन सभा :-
संस्थाको सदस्यता लिने सम्पूर्ण सदस्यहरुको एक साधारण सभा हुनेछ । संस्था दर्ता भएकोएक वर्ष भित्र र त्यसपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आवश्यकता अनुसार समय समयमा साधारण सभा बोलाउन सकिनेछ ।

१०. साधारण सभाको अधिवेशन :-
संस्थाको सम्पूर्ण सदस्यहरुलाई सूचना दिई अधिवेशन बोलाउन सक्नेछ ।
क) वार्षिक साधारण सभा बोलाउँदा सभा हुने स्थान, समय, मिति खुलेको १५ दिनको म्याद दिई सूचना दिनु पर्नेछ ।
ख) वार्षिक साधारण सभाको गणपुरक संख्या सम्पूर्ण सदस्य संख्याको एक तिहाईको उपस्थिति मानिनेछ ।
ग) पहिलो पटक वार्षिक साधारण सभा बोलाउँदा गणपुरक संख्या नपुगी बैठक स्थगित भएमा दोस्रो पटकको लागि ७ दिनको म्याद दिई बोलाउनु पर्नेछ । यो बैठकमा सम्पूर्ण सदस्यको १० प्रतिशत उपस्थितिलाई गणपुरक संख्या मानिनेछ तर माथिका उपनियममा जे सुकै लेखिएको भए पनि गणपूरक संख्याको हकमा सञ्चालक समितिको सदस्यहरुको संख्या भन्दा कम हुनु हुँदैन ।

११. विशेष साधारण सभा :-
क) संस्थाको विशेष साधारण सभा देहायको अवस्थामा १५ दिनको सूचना दिई बोलाउन सकिनेछ ।
ख) संस्थाको हिसाब जाँचको सिलसिलामा लेखा परिक्षकले पर्याप्त कारणहरु देखाई सञ्चालक समिति समक्ष सुझाव पेश गरेमा वा
ग) विशेष उद्देश्यले गठन गरेका उप-समितिले यथेष्ठ कारण समेत खुलाई समितिलाई सुझाव पेश गरेमा वा
घ) कुनै सञ्चालकले विशेष कारण खोली समितिमा विशेष साधारण सभा बोलाउने मात्र गरेको प्रस्ताव सञ्चालक समितिबाट दाखिला भएमा वा

१२. साधारण सभाको काम, कर्तब्य र अधिकार :-
वार्षिक साधारण सभाको कार्यहरुरु देहाय बमोजिम हुने छ ।
क) सञ्चालक निर्वाचित गर्ने, निश्कासित गर्ने ।
ख) सञ्चालक समितिले पेश गरेको बार्षिक कार्यक्रम उपर छलफल गरि स्वीकृत गर्ने र प्रगति प्रतिवेदन, वार्षिक लेखा परिक्षण प्रतिवेदन, स्थिति विवरण पत्र र आर्थिक विवरणमा समिक्षा गर्ने र अनुमोदन गर्ने ।
ग) संस्थाले लिन दिने सक्ने अधिकतम ऋण तथा धरौटीको सीमा तोक्ने ।
घ) ऐन तथा नियमहरुको अधिनमा रही विनियमलाई संशोधन गर्ने ।
ङ) वार्षिक हिसाब जाँच गराउन लेखा परिक्षकको नियुक्ती गर्ने, लेखा परिक्षकको पारिश्रमिक तथा सुविधा निर्धारण गर्ने ।
च) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने ।
छ) आर्थिक प्रशासन नियम र कर्मचारी प्रशासन नियम स्वीकृत गर्ने तथा संशोधन गर्ने ।
ज) अध्यक्षले राजिनामा पेश गरेमा स्वीकृत गर्ने ।

HAD २०५३

झ) साधारण सभाका निर्णयहरुको अभिलेख अध्यक्षद्धारा प्रमाणित गराई सुरक्षित राख्नु पर्छ ।

१३. कार्य समितिको गठन :-

क) साधारण सभाले आवश्यकता अनुसार ९ जना देखि ११ जना सम्म सदस्य भएको कार्य समिति गठन गर्नेछ ।

ख) निर्वाचित सदस्यहरु मध्येबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह सहसचिव छानिनेछ ।

ग) संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लगायत सदस्यहरुको पदावधी २ वर्षको हुनेछ र लगातार अर्को एक कार्यकालको लागि पुन निर्वाचित हुन सक्नेछन् ।

घ) कुनै कारणले सञ्चालकको पदरिक्त हुन आएमा बाँकी अवधिको लागि मनोनित वा उप-निर्वाचनद्धारा पदपूर्ति गरिनेछ ।

ङ) नयाँ सञ्चालक समिति गठन नहुन्जेलसम्म पुरानै सञ्चालक समितिले कार्य गर्ने छन् ।

१४. कार्य समितिको बैठक :-

कार्य समितिको बैठकको प्रक्रिया देहायबमोजिमको हुनेछ ।

क) कार्य समितिको बैठक एक वर्षमा कम्तीमा ६ पटक बस्नेछ । तर दुई बैठक बीचको अवधी ३ महिनाभन्दा बढी हुने छैन ।

ख) कार्य समितिको बैठकमा संचालकहरुको जम्मा संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा बैठक संचालनको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

ग) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत मात्र दिनु पर्ने छ ।

घ) कार्य समितिको बैठकमा संचालनहरुबाट छलफल भएको विषय वा तत् सम्बन्धमा भएको विवरण "माइन्यूट बुक" मा लेखी अध्यक्षद्धारा प्रमाणित गराई सुरक्षित राख्नु पर्दछ ।

ङ) कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितीमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति भएमा सदस्यहरु मध्येबाट छानिएका वरिष्ठ वा जेष्ठ सदस्यले गर्नेछन् ।

१५. कार्य समितिको काम, कर्तब्य र अधिकार :-

देहाय बमोजिमको काम, कर्तब्य र अधिकार हुनेछ ।

क) ऐन, नियमहरु र विधानमा लेखिएका कुराहरु र साधारण सभाद्धारा समय समयमा गरिएको निर्णयहरुको अधिनमा रहि संस्थाको सम्पूर्ण काम, कारोबार प्रबन्ध आदेशहरुको प्रयोग र कर्तब्यको पालना गर्ने ।

ख) संस्थाको दैनिक कार्य संचालन गर्न आवश्यक कर्मचारीको नियुक्ती गर्ने ।

ग) संस्थाको कर्मचारीहरुको नियुक्ती, सेवाशर्त, सरुवा, पदोन्नती, निलम्बन, बरखास्त तथा सेवा सुविधा र सो सम्बन्धी कर्मचारी प्रशासन नियम र आर्थिक कारोबार संचालनको लागि आर्थिक प्रशासन नियम बनाई स्वीकृतिको लागि पेश गर्ने ।

घ) विधानमा भएको व्यवस्था बमोजिम अध्यक्ष बाहेक कुनै कार्य समिति सदस्य वा साधारण सभाको सदस्यले राजीनामा दिएमा सो स्वीकृत गर्ने ।

ङ) संस्थाको बार्षिक कार्यक्रम तथा आम्दानी खर्चको विवरण तयार पारी स्वीकृतीको लागि साधारण सभामा पेश गर्ने ।

च) एकिकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने ।

छ) बार्षिक लेखा परिक्षण गरि सो को प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

ज) उपदफा (३) को स्वीकृत कर्मचारी प्रशासन नियमको अधिनमा रहि कर्मचारीहरुको नियुक्ति ।

झ) उपदफा (३) को स्वीकृत कर्मचारी प्रशासन नियमको अधिनमा रहि कर्मचारीहरुको नियुक्ती, सरुवा, बढुवा, खोसुवा, निलम्बन, दण्ड, पुरस्कारको व्यवस्था गर्ने ।

ञ) संस्थाको कोषको सुरक्षा तंथा आर्थिक कारोवार माथि नियन्त्रण गर्ने तथा सो को व्यवस्था गर्ने ।

ट) विधानमा व्यवस्था भए वमोजिमको प्रक्रिया अपनाई साधारण सभा बोलाउने ।

हिमाली क्षेत्र विकास केन्द्र HADC २०५३ सिन्धुपाल्चोक

ङ) साधारण सभाबाट भएको निर्णयहरुको कार्यान्वयन गर्ने ।
च) संस्थाको कार्यहरु सुचारुरुपले संचालन गर्न आवश्यकता अनुसार उपसमिति तथा सल्लाहाकार समिति गठन गर्ने ।
छ) संस्थाको चल अचल सम्पत्ति खरिद विक्री गर्ने वा प्राप्त गर्ने र हस्तान्तरण गर्ने ।
ज) संस्थाको दैनिक कार्य संचालन गर्ने र अन्य विशेष काम गर्ने नियुक्ती व्यवस्थापक तथा उपदफा (१२) बमोजिम गठन हुने । उपसमितिको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने ।
झ) यस विनियममा उल्लेख भएका उद्देश्य प्राप्तीका लागि आवश्यक सबै कार्य गर्ने ।

## परिच्छेद -५

**१६. पदाधिकारीहरुको काम , कर्तब्य र अधिकार :-**

कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्ष :-

क) अध्यक्षले समितिको वैठक र वार्षिक साधारण सभाको वैठकमा अध्यक्षता गर्ने ।
ख) साधारण सभाद्धारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालन समितिका निर्णयहरुको कार्यन्वयन गर्ने गराउने ।
ग) विनियमको अधिनमा रही कर्मचारी उपर रेखदेख र सुपरिवेक्षण गर्ने ।
घ) संस्थाको उद्देश्य प्राप्तिका लागि गर्नु पर्ने कार्यहरु गर्ने सम्बन्धमा विनियमको अधिनमा रहि जरुरी विषयहरु समितिको तर्फबाट तत्काल निर्णय दिन सक्नेछ । तर यसरी दिएको निर्णय समितिको त्यस पछि लगतै वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।
ङ) संस्थाको विरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदावीको सम्बन्धमा संस्थाको तर्फबाट कानुनी प्रति रक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कस्को विरुद्ध यस्तो हकदावीको सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने वा परित्याग गर्ने ।
च) आफूमा निहित अधिकार आफू मातहतका पदाधिकारीहरुमा प्रत्यायोजन गर्ने ।
छ) स्वीकृत कार्यक्रम कार्यन्वयन गर्ने र बजेटको परिधिभित्र रहि खर्च गर्ने ।
ज) संस्थाको आर्थिक कारोवार तथा बैंक खाता संचालन गर्ने तथा आर्थिक कारोवार सम्वन्धी आवश्यक पर्ने बिल भरपाई कागजातहरुको प्रमाणित गर्ने ।
झ) संचालक समितिको निर्णय अनुसार वा समितिले तोकि दिएको कुराहरुमा संस्थाको तर्फबाट सम्भौता पत्र तथा कागजातहरुमा सही गर्ने ।
ञ) संस्थाको कर्मचारीहरुको कार्य विभाजन, अधिकार र कर्तव्यको निर्धारण गर्ने तथा कर्मचारीहरुको नियन्त्रण गर्ने तथा स्वीकृत कर्मचारी प्रशासन नियम तथा दिग दर्शनको अधिनमा रहि नियुक्ति, सरुवा बढुवा, सजाय, निलम्बन, पुरस्कार आदि सम्बन्धी निर्णय गर्ने वा त्यस्तो निर्णयको लागि सिफारिस गर्ने ।
ट) बढीमा ६ महिना वा साभ्केदार वा दातृसंस्थासँग भएको सम्भौता अवधी बमोजिम रिक्त वा स्वीकृत पदमा कर्मचारी नियुक्ती गर्ने ।

ख) उपाध्यक्ष :-

क) अध्यक्षको अनुपस्थितिमा संचालक समितिको बैठकमा अध्यक्षता गर्ने ।
ख) वार्षिक कार्यक्रम निती निर्णय विधानको अधिनमा रहि संस्थाको उद्देश्य प्राप्तिको लागि अध्यक्षलाई काममा टेवा पुऱ्याउने ।
ग) अध्यक्षको अनुपस्थितिमा वा अध्यक्षले अधिकार प्रत्यायोजन गरी लेखिदिएको अवस्थामा कार्यवाहक अध्यक्ष भई कार्य गर्ने ।

ग) सचिव:-

क) संस्थाको दैनिक कार्य संचालन गर्ने ।
ख) अध्यक्षको नियन्त्रणमा रहि संस्थाको कार्यक्रम तथा व्यवस्थापन कार्य संचालन गर्ने ।

ग) साधारण सभा संचालक समिति वा उपसमितिहरुको सचिवले कार्य गर्ने, अध्यक्षको स्वीकृति लिई बैठक बोलाउने ।

घ) संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक वार्षिक कार्यक्रम तथा बजेट तयार गरी कार्य समितिमा पेश गर्ने, स्वीकृत निती वा कार्यक्रमहरु तथा संचालक समितिमा वा साधारण सभाबाट अन्य निर्णयहरुको कार्यान्वयन गर्ने ।

ङ) संस्थाको तर्फबाट कागजात वा सेक्युरिटीहरु प्राप्त गर्ने तथा तीनको उचित सुरक्षाको प्रवन्ध मिलाउने ।

च) विधानमा भएको व्यवस्था साधारण सभा र कार्य समितिको निर्णयहरुको परिधि भित्र रहि संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारुरुपले संचालन गर्न आवश्यक हुन आउने अन्य कार्यहरु गर्ने ।

ई) सह-सचिवः-

क) सचिवको दैनिक कार्य संचालनमा सहयोग गर्ने ।

ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने भनेको सम्पूर्ण कार्य संचालन गर्नु ।

ग) सचिवद्वारा प्रत्योजित अधिकार क्षेत्र भित्र रहि कामकाज गर्नु ।

उ) कोषाध्यक्ष :-

क) संस्थाको तर्फबाट नगद प्राप्त गर्ने, हरहिसावको लेखा ठिक र सहि तरिकामा राख्ने र आर्थिक विवरणहरु प्रमाणित गर्ने तथा तिनको उचित सुरक्षाको प्रबन्ध मिलाउने ।

ख) स्वीकृत बजेटको परिधि भित्र रहि खर्च गर्ने ।

ग) संस्थाको आर्थिक कारोवार तथा बैंक खाता संचालन गर्ने तथा आर्थिक कारोबार सम्बन्धी आवश्यक पर्ने बिल, भरपाई, कागजातहरु प्रमाणित गर्ने ।

घ) संस्थाको विधि आर्थिक प्रतिवेदनहरु साधारण सभामा पेश गर्ने ।

ऊ) सदस्यः-

क) संचालक समितिको हरेक बैठकहरुमा भाग लिने तथा प्रस्तावित विषयहरुको निर्णय प्रकृयामा सहभागी हुने ।

ख) उपर्युक्त पदाधिकारीहरुको काममा सहयोग पुऱ्याउने ।

ग) कार्य समितिको तोके बमोजिमको कार्यहरु गर्ने ।

उपरोक्त पदहरुमा सदस्य बाहेक **अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सहसचिवले** लगातार दुई कार्यकाल भन्दा वढी रहन पाउनेछैनन् ।

## परिच्छेद -६

**१७. आर्थिक स्रोत :-**

संस्थाको निम्न आर्थिक स्रोतहरु हुनेछ ।

क) प्रवेश शुल्कवाट ।

ख) सदस्यता शुल्कबाट

ग) दान दातव्य

घ) अन्य निकायहरुवाट प्राप्त हुने सहयोग र अनुदानबाट ।

ङ) वैदेशिक सहायता लिदा नेपाल सरकारको पूर्व स्वीकृति लिईनेछ ।

**१८. चलअचल सम्पत्तिको विवरण :-**

संस्थाको चलअचल सम्पत्तिको विवरण छुट्टाछुट्टै अभिलेख बनाई राखिनेछ ।

HADC २०५३

१९. कोष:-

क) परिच्छेद ६ धारा १ मा उल्लेख भएको स्रोतहरुबाट प्राप्त रकम संस्थाको नामबाट कोष खडा गरी कुनै पनि बैंकमा जम्मा गरिने छ ।

ख) यसरी खडा भएको कोषको संचालन अध्यक्ष र कोषाध्यक्ष वा कार्य समितिले तोकेको पदाधिकारीको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

२०. लेखापरिक्षण :-

क) नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परीक्षकलाई साधारण सभाबाट नियुक्त गराई, संस्थाको लेखा सम्बन्धी हिसाब किताब जाँच गरि समस्याहरु र सुझावहरु समेत सुधार गर्न, कार्वाही गर्न बार्षिक प्रतिवेदन पेश गर्ने र सो को एक प्रति स्थानीय अधिकारी र समाज कल्याण परिषद समक्ष पेश गरिने छ ।

ख) लेखा परिक्षकको प्रतिवदेनमा लेखा सम्बन्धी अभिलेख आर्थिक, अनुशासन, हिनामिना, पेश्की आदि बारे उल्लेख गर्ने ।

## परिच्छेद -७

विविध

२१ निर्वाचन सम्बन्धी व्यवस्था :-

क) विधानमा उल्लेख भएको निर्वाचन गराउनु पर्ने कुनै पदको निर्वाचन गराउँदा निर्धारित निर्वाचन निर्देशिका बमोजिम हुनेछ ।

ख) कार्य समितिको कार्यवधी समाप्त हुनु अगावै नयाँ कार्य समिति निर्वाचित गरिने छ ।

ग) उपदफा (ख) बमोजिम समयभित्र पद समाप्त हुनु अगावै नयाँ कार्य समिति निर्वाचित गरिने छ ।

घ) उपदफा (ग) बमोजिम जानकारी प्राप्त भएमा वा नभएको पनि समितिको कार्यवधी समाप्त भएको मितिले ६ महिना भित्र तोकिएको समितिले समितिको निर्वाचन गर्ने छ ।

ङ) निर्वाचन प्रयोजनका लागि कार्य समितिले एक जना संस्था बाहिरका विशिष्ट व्यक्तिको संयोजकत्वमा निर्वाचन समिति गठन गर्ने सक्नेछ ।

२२. उम्मेदवार हुन अयोग्यता :

देहायका अवस्थामा कुनै पनि सदस्य कार्य समितिको सदस्य पदमा निर्वाचित हुन सक्ने छैन ।

क) १६ वर्ष नपुगेको नेपाली नागरिक ।

ख) मगज ठिक नभएको ।

ग) चालचलन राम्रो नभएके ।

घ) तिर्न बाँकी रहेको ऋण समयमा नतिरेको ।

ङ) संस्थाको बाँकी बक्यौता राख्ने ।

च) संस्थाको ठेक्का पट्ठा वा कारोवारमा कुनै प्रकारको निजी स्वार्थ भएको ।

छ) संस्थाको सम्पत्ति हिनामिना ।

२३. अविश्वासको प्रस्ताव :-

कार्य समितिले विस्तृत छानविंन गरि कुनै पद ओगटेको सदस्यलाई साधारण सभाको कुल सदस्य संख्याको दुई तिहाई वहुमतले अविश्वासका प्रस्ताव पारित गरी पदमुक्त गर्न सक्ने छ :-

क) संस्थाको उद्देश्य विपरित हुने गरि जानी जानी कुने कार्य गरेमा ।

ख) विधानको बारम्बार उलङघन गरेमा ।

ग) तर सफाईवाट भने बन्चित गरिने छैन ।

२४. विधान शंसोधन :-

क) विधानमा लेखिएको कुनै कुरामा संशोधन गर्नु पर्ने भएमा साधारण सभाको कुल सदस्यहरु मध्ये दुई तिहाई उपस्थित भई उपस्थित सदस्यहरुको कम्तीमा दुई तिहाई बहुमतबाट विधान संशोधनको प्रस्तावलाई साधारण सभाले पारित गरि संशोधन गर्न सक्नेछ ।

ख) साधारण सभाबाट संशोधनको प्रस्ताव पारित भए पछि विधान जिल्ला प्रशासन अधिकृत समक्ष स्वीकृतिको लागि पठाईने छ । संशोधित विधान स्वीकृत भए पछि मात्र विधान संशोधन भएको मानिने छ ।

२५. नियम बनाउने :-

संस्थाको कार्य संचालनको लागि आवश्यक पर्ने नियमहरु यस विधान अर्न्तगत रही बनाउन सकिनेछ ।

२६. संस्था विघटन :-

क) संस्थाको कुल सदस्यको दुई तिहाई बहुमतबाट संस्था विघटन गर्ने निर्णय गर्न सक्ने छन् । ख) जिल्ला प्रशासन कार्यालयमा ऐन नियम बमोजिम नविकरण नगरिएमा संस्था विघटन हुन सक्नेछ । संस्था विघटन भएमा संस्थाको चलअचल सम्पति नेपाल सरकारमा सर्ने छ ।

२७. चौमासिक प्रगति प्रतिवेदन :-

संस्थाको चौमासिक प्रगति प्रतिवेदन सचिवले तयार गर्नेछ र सो प्रतिवेदन कार्य समितिमा पेश गरि सदस्यहरुले बुँदा बुँदामा छलफल गर्नेछन् ।

२८. सदस्यता नविकरण

प्रत्येक सदस्यले हरेक आर्थिक वर्षको आषाढ मसान्त भित्र कार्य समिति समक्ष तोकिएको शुल्क बुझाई सदस्यता नविकरण गराउनु पर्नेछ ।

२९. निस्कृयता :-

यस विधानमा लेखिएका कुरा प्रचलित ऐन कानुन सँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।

# हिमालय क्षेत्र संरक्षण तथा विकास समिति

सिर्दिवास-८, गोरखा

पहिलो शंशोधन - २०६२

| धारा | साविकको व्यवस्था | शंशोधन गरिएको | शंशोधन गर्नको कारण |
|---|---|---|---|
| (ग) | शिक्षा र स्वास्थ्य सम्बन्धि साक्षरताक्रम वढाउन सम्बन्धित श्रोतको पत्ता लगाई जागरण कार्यक्रम सञ्चालन गर्ने । | शिक्षा र स्वास्थय क्षत्रे संग सम्बन्धित भौतिक पूर्वाधारहरुको विकास एवं जनचेतना बृद्धि सम्बन्धित कार्यहरु गर्ने । | भौतिक पूर्वाधारलाई समावेश गरिएको । |
| (ङ) | विकास निर्माणमा यूवा शक्तिलाई सहभागी गराउने । | विकास निर्माणमा युवा, शक्तिलाई सहभागी गराई यातायात, वाटो घाटो, पुलपुलेसा, उर्जा विकास, खानेपानी, संचार, सरसफाई र सिंचाई जस्ता विकास निर्माणका कार्यहरु गर्नुका साथै सिप विकासमा जोड दिने । | यातायात, बाटोघाटो, पुलपुलेसा, उर्जा, खानेपानी, सञ्चार, सरसफाई, सिंचाई र सिप विकास सम्बन्धी विषयहरु थप गरी स्पष्ट पारीएको । |
| (च) | साँस्कृति, प्राकृतिक एवं ऐतिहासिक सम्पदानको संरक्षण र मर्मत सम्भार गर्ने । | साँस्कृतिक, धार्मिक, ऐतिहासिक, बास्तुकलात्मक र प्राकृतिक सम्पदाहरुको अध्ययन अनुसन्धान संरक्षण सम्वर्द्धन र मर्मत सम्भार गर्ने तथा वातावरणीय सन्तुलनलाई कायम राख्दै स्थानीय स्रोत र साधानको परिचालनलाई जोड दिने । | बास्तुकलात्मक, विषय र अध्ययन अनुसन्धानलाई महत्व दिदै स्थानीय स्रोत र सधानमा जोड दिन खोजिएको । |
| (छ) | दलित, पीडित कमजोर आर्थिक स्थितिमा रहेका वर्गहरुको उत्थानको लागि जनचेतना जगाउने । | दलित, उत्पीडित, महिला, विपन्न एवं पिछडिएका वर्ग तथा दुगर्म भेगममा समुदायहरुको उत्थान एवं विकास सम्बन्धि कार्यहरु गर्ने । | महिला तथा दुगर्मम क्षेत्रका बासिन्दाहरुलाई विषेश रुपमा उल्लेख गरीएको । |
| (ज) | सामुदायिक विकास गर्ने । | दिगो विकास सम्बन्धि धारणालाई जोड दिदै सामुदायिक विकास गर्ने । | स्पष्ट गरीएको |
| (क) | साधारण सदस्य :- रु. १००।- एकमुष्ट तथा प्रति महिना रु. १०।- को रकम एक वर्ष भित्र बुझाए पछि साधारण सदस्य हुनेछ । यो प्रकारको साधारण सदस्य लिनेले संस्थामा आइपरेको काम गर्नु पर्छ र सञ्चालक समितिको बनावट पनि यसै वर्गबाट हुनेछ । | बार्षिक रु. ५०।- एक वर्ष भित्र बुझाए पछि साधारण सदसय हुनेछ । यो प्रकारको साधारण सदस्य लिखने संस्थामा आइपरेको काम गर्नु पर्छ र सञ्चालक समितिको बनावट पनि यसै वर्गबाट हुनेछ । | रु. १०० तिर्न गाह्रो परेको हुनाले रु. ५० बार्षिक शुल्क मात्र कायम गरिएको । |
| १० (क) | साधारण सभाबाट नियुक्ति गरिएको लेखापरिक्षक बाट संस्थाको लेखा सम्बन्धी हिसाब किताबको जाँच गरि समस्याहरु र सुझावहरु समेत सुधार गर्न कार्वाही गर्न बार्षिक प्रतिवेदन पेश गर्ने र सो को एक प्रति स्थानीय अधिकारी र समाज कल्याण परिषद समक्ष पशे गरिने छ । | श्री ५ को सरकारबाट मान्यता प्राप्त लेखा परिक्षकलाई साधारण सभाबाट नियुक्त गराई संस्थाको लेखा सम्बन्धी हिसाव कितावको जाँच गरी समस्याहरु सुझावहरु समेत साुधर गर्न कार्वाह ीगर्न बार्षिक प्रतिवेदन पशे गर्ने सो को एक प्रति | श्री ५ को सरकारको मान्यता प्राप्त लेखा परीक्षक भन्ने थप गरिएको । |
| १४ (क) | विधानमा लेखिएको कुनै कुरामा संशोधन गर्नु पर्ने भएमा साधारण सभाको कुल सदस्यहरु मध्ये ५१ प्रतिशत उपस्थित भई उपस्थित सदस्यहरुको कम्तीमा दुई तिहाई बहुमतबाट विधान संशोधनको प्रस्तावलाई साधारण सभाले पारित गरि संशोधन गर्न सक्नेछ । | विधानमा लेखिएको कुनै कुरामा संशोधन गर्न पर्ने भएमा साधारण सभाको कुल सदस्यहरु मध्ये दुई तिहाई बहुमतलबाट विधान संशोधनको प्रस्तावलाई साधारण सभाले पारित गरि संशोधन गर्न सक्नेछ । | विधान संशोधनलाई २/३ को बहुमतबाट बनाएको । |
| १६ (इ) | | अध्यक्षको काम कर्तव्य र अधिकारमा हुनु पर्ने धारा १६ इ को च देखि ठ सम्मको व्यवस्था धारा १६ अ मा सारिएको । | अध्यक्षको कोलममा हुनु पर्ने अधिकार सचिवको कोलममा पर्न गएकोले । |
| १६ (इ) ख | अध्यक्षको सामान्य नियन्त्रणमा रही सचिवले संस्थाको कार्यक्रम तथा व्यवस्थापन संचालन गर्ने । | अध्यक्षको नियन्त्रणम रही सचिवले संस्थाको कार्यक्रम तथा व्यवस्थापन संचालन गर्ने । | "अध्यक्षको नियन्त्रणमा हुनु पर्नेमा" अध्यक्षको सामान्ड नियन्त्रण" हुन गएकोले । |
| १६ (उ) घ | | संस्थाको विविध आर्थिक प्रतिवेदनहरु साधारण सभामा पेश गर्ने । | कोषाध्यक्षको काम कर्तव्य र अधिकार विस्तार गर्नु परेकोले बुँदा थप गरिएको । |

# हिमालय क्षेत्र संरक्षण तथा विकास समिति

## सिर्दिवास-८, गोरखा

### दोश्रो शंसोधन - २०६३

| धारा | साविकको व्यवस्था | शंशोधन गरिएको | शंशोधन गर्नको कारण |
|---|---|---|---|
| ,२ च | ....... मनासलु हिमाल र गणेश हिमाल | .... हिमालय पर्वत श्रृङ्खला र सो ...... | फराकिलो अर्थ दिन |
| २,५, | क) कृषि, वातावरण, वन्यजन्तु तथा पर्यटन सम्बन्धि विकासमा विशेष टेवा पुऱ्याउने ।<br>ख) देश विकास र समाजको सेव ागर्ने ।<br>ग) शिक्षा र स्वास्थ्य क्षेत्र संग सम्बन्धित भौतिक पूर्वाधारहरुको विकास एवं जनचेतना बृद्धि सम्बनिध कार्यहरु गर्ने ।<br>घ) कला साहित्इ तथा खेलकुदको विकासमा टेवा दिने ।<br>ङ) विकास निर्माणमा युवा शक्तिलाई सहभागी गराई यातायात बाटो घाटो पुल पुलेसा उर्जा विकास खानेपानी संचार सरसफाई सिंचाई जस्ता विकास निर्माणका कार्यहरु गर्नुका साथै सिप विकासमा जोड दिने<br>च) साँस्कृतिक, धार्मिक ऐतिहासिक, वास्तुकलात्मक र प्राकृतिक सम्पदाहरुको अध्ययन अनुसन्धान संरक्षण सम्वर्द्धन र मर्मत सम्भार गनृ तथा वातावरणीय सन्तुलनलाई काम राख्दै स्थानीय स्रोत र साधानको परिचालनलाई जोड दिने ।<br>छ) दलित, उत्थान एवं विकास सम्बन्धि कार्यहर गर्ने ।<br>ज) दिगो विकास सम्बन्धि धारणलाई जोड दिदै सामुदायिक विकास गर्ने । | क) दिगो विकासको अवधारणलाई प्राथमिकता दिदै शिक्षा, स्वास्थय, संचार, खानेपाती तथा सरसफाई थातायात जस्ता आधारमुत आवश्यकता सँग सम्बन्धित भौतिक पूर्वाधार विकासमा जोड दिने ।<br>ख) दतिल, महिला, उत्पीडित वर्ग तथा दुर्गम हिमाली क्षेत्रको उत्थान, सशक्तिकरण एवं विकास गर्ने ।<br>ग) उर्जा विकास, सीप मूलक तालिमद्धारा स्वारोजगार प्रबर्द्धन एवं पर्यटन, कला, साहित्य र खेलकुदको विकासमा यूवा शक्तिई परिचालन गर्ने ।<br>घ) वातावरणीय सन्तुलनमा ध्यान पुऱ्याउदै स्थानीय श्रो र साधानको अधिकतम परिचालन गर्ने ।<br>ङ) बन्य जन्तु, वन लगायत अन्य प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुको अध्ययन, अनुसन्धान, संरक्षण तथा सम्वर्द्धन गर्ने । | च, छ, र ज लाई क, ख, ग, घ, र ङ मा सम्मिलित गरी समय सापेक्षरुपमा विशिष्टिकरण गरिएको । |
| .६. क. | बार्षिक रु. ५० ए कवर्ष विभत्र बुझाएपछि साधारण सदस्य हुनेछ । यो प्रकारको साधारण सदस्य लिनेले संस्थामा आईपरेको काम गर्नु पर्छ र संचकलक समितिको बनावट पनि यसै वर्गबाट हुनेछ । | बार्षिक रु. २००।०० एक वर्ष भित्र बुझाएपछि साधारण सदस्य हुनेछ । यस पकारको साधारण सदस्य लिनेले संस्थामा आईपरेको काम गर्नु पर्छ र संचालक समितिको बनावट पनि यसै वर्गबाट हुनेछ । | सदस्यता शुल्क वृद्धि गरिउको |
| , ६ ख | एसोसियट सदस्य :-<br>प्रति वर्ष रु. ५०।- बुझाई रसिद काटेपछि एसोसिएट सदसय हुनेछ । यो सदस्यले संस्थामा आइ परेको काम गर्ने अनिवार्य हुने छैन र संचालक समितिमा पनि प्रतिनिधित्व गर्न बाध्य हुने छै ना तर सञ्चालक समितिले आवशयक ठानेमा सञ्चालक समितिले १ देखि ३ जना सम्मको सदसयलाई प्रतिनिधित्व गराउन सकिनेछ । यो वर्गको सदस्यता प्राय : यो संस्थामा सञ्चालन हुने ठाउँबाट बाहिर गई कुनै व्यवसाय गर्ने वर्गलाई लागु गरिनेछ । | संस्थापक सदस्य :-<br>संसथा दर्ता गर्दाको वखत तदर्थ समितिमा रहेका सम्पूर्ण सदस्यहरु संस्थापक सदस्यको रुपमा रहनेछन् । यस्ता सदस्यहरुले साधारण सदस्य सरह शुल्क बुझाई सदस्यता नविकरण गरेमा सो सरह अधिकार हुनेछन् । सदस्यता नविकरण नगरे पनि संस्थापक सदस्यको रुपमा रहन पाउनेछन् । | सदस्यताको प्रकार परिवर्तन गरिएको । |

| | | | |
|---|---|---|---|
| , ७ क | १६ वर्ष पुरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने । | १६ वर्ष पुरा भएको नेपाली नागरिक हुनु पर्ने । | ज्येष्ठ नागरिकलाई पनि स्थानीय दिन । |
| ,१३ क | साधारण सभाले ११ जना भएको संचालक समिति गठन गर्नेछ । | साधारण सभाले आवश्यकता अनुसार ९ देखि ११ जना सम्म सदस्य भएको कार्य समिति गठन गर्नेछ । | कार्य समिति सदस्इ संख्या आविश्यकता अनुसार थपघट गर्न मिल्ने व्यवस्था गरिएको । |
| , १५ क | | सदस्य :<br>क) संचालक समितिको हरेक बैठकहरुमा भाग लिने ।<br>ख) उपर्युक्त पदाधिकारीहरुको काममा सहयोग पुऱ्याउने ।<br>ग) संचालक समितिले तोके बमोजिमको कार्यहरु गर्ने । | थप गरिएको । |
| , १८ | हाल सम्म समितिका सदस्यहरुबाट रु............... जम्मा भई सकेको छ । | संस्थाको चल अचल सम्पत्तिको विवरण छुट्टाछुट्टै अभिलेख बनाई राखिनेछ । | संस्था स्थापना गर्दाको वखतको व्यवस्थालाई समयानुकुल पारिएको । |
| , १९ ख | यसरी खडा भएको कोषको संचालन अध्यक्ष र कोषाध्यक्षको संयुक्त हास्ताक्षर बाट संचालन हुनेछ । | यसरी खडा भएको कोषको संचालन अध्यक्ष कोषाध्यक्ष र कार्य समितिले तोकेको पदाधिकारीको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । | कोष संचालन कार्यलाई प्रभावकारी बनाउन । |
| , २१ ङ | | निर्वाचन प्रयोजनका लागि कार्य समितिले १ जना संस्था बाहिरका विशिष्ट व्यक्तिको संयोजकत्मा निर्वाचन समिति गठन गर्न सक्नेछ । | थप गरिएको । |
| , २५ | कार्यालय संचालन गर्न कर्मचारीहरुको आीर्थक कारोबारको लागि पनि नियमको आवश्यक हुने हुनाले कर्मचारी प्रशासन नियमावली र आर्थिक प्रशासन नियमावली सो नियमावलीको दायित्व भित्र रही सबैले संस्थाको कार्य संचालन गर्नु पर्छ । | संस्थाको कार्य संचालनको लागि आवश्यक पर्ने नियमहरु यस विधान अन्तरगत रही बनाउन सकिनेछ । | भाषा मिलाईएको । |
| , २८ | | सदस्यता नविकरण<br>प्रत्येक सदस्यतले हरेक आीर्थक वर्षको आषाढ मसान्तभित्र कार्य समिति समक्ष तोकिएको शुल्क बुझाई सदस्यता नविकरण गराउनु पर्नेछ । | थप गरिएको । |

हिमाली क्षेत्र विकास केन्द्र HADC २०५३ सिरिवास-८, गोरखा

संस्थाको नाम: हिमाली क्षेत्र विकास केन्द्र
दर्ता नं. २९१/२०५३
दर्ता मिति: २०५३/१२/२४
संशोधित मिति: २०६५/०८/२६

| क्र.सं. | साविकमा भएको विधानको व्यवस्था र दफा | हाल संशोधन गर्न लागिएको विवरण | संशोधन गर्नाको कारण | कैफियत |
|---|---|---|---|---|
| १. | दफा २ ख.<br>पदाधिकारी भन्नाले संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष भन्ने बुझ्नु पर्दछ । | दफा २ ख.<br>पदाधिकारी भन्नाले संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र **सदस्यहरु** भन्ने बुझ्नु पर्दछ । | सदस्यहरुको प्रावधान छुटेकोले | |
| २. | दफा ४<br>यस संस्थाको मुख्य कार्यालय गण्डकी अञ्चल, गोरखा जिल्ला, सिर्दिवास गा.वि.स. वडा नं. ८ मा रहनेछ । | दफा ४<br>यस संस्थाको मुख्य कार्यालय गण्डकी अञ्चल, गोरखा जिल्ला, सिर्दिवास गा.वि.स. वडा नं. ८ मा रहनेछ । साथै संस्थाको सम्पर्क कार्यालयहरु आवश्यकता अनुसार कार्यसमितिको निर्णयबाट थप गर्न सकिनेछ । र कार्यक्षेत्र गणतान्त्रिक नेपालको कुनै पनि क्षेत्र हुन सक्नेछ । | कार्यक्षेत्रको संकुचन हटाएको | |
| ३ | दफा ६ घ.<br>यो सदस्यता लिन एक पटक वा किस्ता वन्दिमा जम्मा तिन किस्ता एक वर्षभरि रु. पचास हजार दिएको व्यक्तिलाई दिन सहिन्छ । | दफा ६ घ.<br>यो सदस्यता लिन एक पटक वा किस्ता बन्दिमा जम्मा तिन किस्ता एक वर्षभरि रु. पचास हजार दिएको व्यक्तिलाई वा संस्थागत विकासको सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउने र विभिन्न नीति निर्देशिका र योजनाहरु बनाउन योगदान पुऱ्याउने व्यक्तिलाई वा दुवै खाले व्यक्तिलाई दिन सकिन्छ । | संस्थाले आवश्यक महसुस गरेकोले | |
| ४ | दफा १६ उपदफा आ. ग. | दफा १६ उपदफा आ. ग.<br>अध्यक्षको अनुपस्थितिमा वा अध्यक्षले अधिकार प्रत्यायोजन गरि लेखि दिएको अवस्थामा लेखिएवमोजिम कार्यबाहक अध्यक्ष भई कार्य गर्ने । | उपाध्यक्षको कार्यजिम्मेवारी थप गरिएको | |
| ५ | दफा १६ ए. | दफा १६ ए. पदाधिकारीहरुको कार्यकाल<br>अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाअध्यक्ष पदमा लगातार दुई कार्यकाल भन्दा बढि रहन नपाइने । | पदाधिकारीहरुको कार्यकाल बारे स्पष्ट प्रावधान थप गरिएको साथै सुसासनको अभ्यासको थालनी गरिएको | |
| ६ | दफा २ क.<br>संस्था भन्नाले ऐन बमोजिम दर्ता भएको हिमालय क्षेत्र संरक्षण तथा विकास समिति लाई सम्झनुपर्नेछ । | दफा २ क.<br>संस्था भन्नाले ऐन बमोजिम दर्ता भएको हिमाली क्षेत्र विकास केन्द्र लाई सम्झनुपर्नेछ । | सरल र सहज नाम राख्नुपर्ने आवश्यकता महसुस भएकोले नाम परिवर्तन गरिएको | यस अघि पुरानो नामको अर्थ लाग्ने सबै सन्दर्भहरु परिवर्तित नाम अनुसार हुनेछ । |